# आर्थिक वर्ष २०७४/७५ को

# नीति, कार्यक्रम तथा बजेट

दिप्रुङ गाउँपालिका

खोटाङ

१ नं. प्रदेश, नेपाल

गाउँसभा बैठकमा मिति २०७४ साल श्रावण २८ गते गाउँपालिकाको उपाध्यक्ष सपना राईद्वारा प्रस्तुत

# आ.व. २०७४/०७५ को नीति तथा कार्यक्रम

# र बजेट वक्तव्य

सभाध्यक्ष महोदय,

गाउँसभाका सदस्यहरु, सभाका सचिव लगायत कर्मचारी मित्रहरु,

उपस्थित सम्पूर्ण महानुभावहरु ।

नेपालको संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारतः रुपान्तरण गर्ने क्रममा स्थानीय तहको निर्वाचन प्रदेश नं १ खोटाड जिल्लामा २०७४ असार १४ गते सम्पन्न भएको छ । सघींय शासन व्यवस्थाको मर्म अनुरुपको राजनीतिक, आर्थिक, सामाजिक तथा वित्तीय स्वायत्तता सहितको स्थानीय तहको शासन सञ्चालन गर्न गाउँ कार्यपालिका तथा गाउँ सभाको गठन भएको हो । सार्वभौमसत्ता सम्पन्न यस गाउँपालिकाका जनताहरुबाट राज्य शक्तिको प्रयोग गर्ने वैधानिकता प्राप्त भएको यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।
संघीयताको कार्यान्वयन यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकारसम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ । हामीलाई यो अवस्था सम्म ल्याउने प्रमुख वैधानिक आधार नेपालको संविधान निर्माण तथा कार्यान्वयनमा प्रत्यक्ष एवं परोक्ष ढंगले भूमिका खेल्नुहुने सबैलाई धन्यबाद दिन चाहन्छु । नेपाली जनतालाई अधिकार सम्पन्न बनाउने आफ्नो सपनालाई बिपनामा साकार बनाउने दौडानमा हाम्रो देशमा भएको जनक्रान्तीहरु, २००७ देखी २०६२/६३ को आन्दोलनहरूमा शहादत प्राप्त गर्नुहने सम्पुर्ण शहीदहरू प्रति आजको दिन म भाबपुर्ण श्रद्धाञ्जी अर्पण गर्न चाहन्छु ।

अध्यक्ष महोदय,
उपस्थित सम्पुर्ण महानुभावहरु,
अव म यस दिप्रुडगाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

# दिप्रुङ गाउँपालिकाको नीति तथा कार्यक्रम

## २०७४/७५ खोटाङ

| | |
|---|---|
| कृषि तथा पशु विकास | • निर्वाहमुखी कृषिलाई दिगो एवं व्यवसायीक प्रणालीमा रुपान्तरण गर्ने नीति लिइनेछ ।<br>• कृषिमा आधारित उद्योगहरुको विकासका लागि यूवा लक्षित कार्यक्रम सञ्चालन गरि उद्यमीहरुलाई आकर्षित गर्ने नीति लिइने छ ।<br>• खेतीयोग्य जमीनलाई बाँझो नराख्न कृषि भूमिको दिगो भूउपयोगको उपयूक्त योजना तयार गरी करार सम्झौता मार्फत जग्गाको आवधिक उपभोग हस्तान्तरण गर्ने नीति लिइनेछ ।<br>• वाली उत्पादनको सम्भाव्यताका आधारमा गाउँपालिका भित्रको कृषि भूमिलाई पकेट क्षेत्र घोषणा गरी कृषि उत्पादन संकलन,भण्डारण र खरिद बिक्रीको ब्यबस्था गाउँपालिकाको तर्फबाट गरिनेछ ।<br>• कृषि उत्पादनको लागत घटाउन कृषि मैत्री औजार, उन्नत प्रविधि एवं सरल कृषि कर्जा तथा अनुदानको व्यवस्था गर्न एक कृषि उद्यम कोषको स्थापना गरिने छ ।<br>• कृषि क्षेत्रमा कार्यरत निजी, सहकारी, सरकारी तथा गैर सरकारी संस्थाहरु विच समन्वय र सहकार्य गर्दै साझेदारीमा काम गर्ने एक साझेदारी समपुरक कोषको स्थापना गरिने छ ।<br>• कृषि पेशालाई मर्यादित बनाउन कृषि उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ, यस मार्फत कृषकहरुलाई पुरस्कृत गरि राष्ट्रिय तथा अन्तराष्ट्रिय कृषि मेलामा सहभागिता, अवलोकन भ्रमण तथा कृषकका उत्पादनको ब्राण्डिङ गर्ने नीति लिइने छ ।<br>• जलवायू परिवर्तनलाई कृषिमा अनुकुलन गर्दै कृषि जैविक विविधताको संरक्षण, संवर्द्धन तथा उपयोगमा वृद्धि गरिने छ ।<br>• कृषि उद्यममा आधारित समूह, सहकारी, निजी ब्यवसायीहरुलाई ब्यवसायीक योजनाहरुको प्रतिश्पर्धा गराई अनुदान दिने नीति लिइने छ ।<br>• वैदेशिक रोजगारीबाट फर्केका र स्वदेशमा रहेका यूवाहरुको पहिचान गरि यूवाहरुलाई ब्यवसायीक कृषि तथा पशुपालन सम्वन्धी उद्यमशीलता तथा सिपमूलक तालिम सञ्चालन गर्ने नीति लिइने छ ।<br>• आगामी २ बर्ष भित्र नगदे मौसमी खेती गर्नका लागी यस गाउँपालिका भित्रको सबै वडाभित्र माटो परिक्षण गरी व्यबसायीक खेतिको लागी आबस्यक बिउ,मल,खाद्य तथा प्रबिधिको व्यबस्था गरीने छ ।<br>• कृषकहरुको घरदैलोमा आधुनिक कृषि प्रविधि पुर्‍याउन हरेक वडामा कृषि प्राविधिकको व्यवस्थापन गरि अगुवा कृषकहरुको लागि कृषक पाठशाला सञ्चालन गरिने छ ।<br>• आगामी १० वर्षमा कृषि भूमिमा आधारित जैविक प्रांगरिक मल र जैविक विषादीको प्रयोग गरी गाऊँपालिका लाई अर्गानिक क्षेत्र घोषणा गर्ने नीति लिइने छ ।<br>• व्यवसायीक पशुपालन, दुग्धजन्य र मासुजन्य उत्पादनलाई आगामी १० वर्ष भित्र बाह्य ब्यापारको मुख्य वस्तुको रुपमा स्थापित गरिने छ ।<br>• बाखापालन,कुखुरा पालन लगायत अन्य पशुपालन ब्यवसायको आधुनिकीकरण र ब्यवसायीकरण गरिने छ ।<br>• स्थानीय विऊविजन जोगाउन कृषि सहकारी संस्था मार्फत विऊविजन वैंक स्थापना गरिनेछ । |
| जलविद्युत उर्जा | • यस गाऊपालिका क्षेत्रभित्र रहेका नदीनाला र तालतलैयाहरुको उपयोग मार्फत सम्भावित जलविद्युत शक्तिको लेखाजोखा गर्न एकिकृत जल उपयोग तथा सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरी दिप्रुङ |

| | |
|---|---|
| | गाऊँपालिकाले आफ्नै पहलमा जलविद्युत आयोजना निर्माण गर्ने नीति लिइने छ। <br>• गाऊँपालिका क्षेत्र भित्रका बिद्युतिकरण नभएका वस्तीहरुमा केन्द्रीय विद्युत प्रसारण लाइन मार्फत आगामी २ बर्ष भित्र सम्पुर्ण बस्तीहरुमा बिद्युतीकरण गरीने छ। |
| स्वास्थ्य | • गाउँपालिका स्तरको अस्पताल स्थापनाका लागि उपयूक्त स्थानको खोजी गरिने छ। सो को पूर्वाधार निर्माणका लागि नेपाल सरकारलाई अनुरोध गरिनेछ। <br>• स्वास्थ्य चौकीहरुको व्यवस्थापन नियमावली तर्जुमा गरि अनुगमन व्यवस्था प्रभावकारी बनाइने छ। प्रत्येक स्वास्थ्य चौकीमा प्रयोगशाला स्थापना गरिनेछ। <br>• ७० बर्ष माथिका बृद्ध बृद्धाहरुलाई घरमै स्वास्थ्य जाँच गर्न घर घरमा स्वास्थ्यकर्मी अभियान सञ्चालन गरिनेछ। <br>• निशुल्क स्वास्थ्य सेवा पुर्‍याउदै आउनु भएका स्वास्थ्य स्वयंसेविकाहरुलाई मासिक प्रोत्साहन भत्ताको रुपमा रु ५०० प्रदान गरीने छ। <br>• हरेक घरका गृहिणीहरुलाई बालबालिका हेरचाह र स्वस्थ आहार सम्बन्धी आधारभूत तालिम दिइनेछ <br>• प्रत्यक स्वास्थ्य चौकीमा एम्बुलेन्सको व्यवस्था गर्दै जाने नीति लिइएको छ। <br>• गाऊँमै वसोबास गर्ने वासिन्दाहरुको लागि स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गरिने छ। <br>• वर्षमा १ पटक गाउपालिकाले विशेषज्ञ डाक्टरहरुको उपस्थितिमा स्वास्थ्य शिविर सञ्चालन गरिने छ । <br>• स्थानीय जडिबुटी र आदिवासी ज्ञानलाई प्रबर्द्धन गरेर परम्परागत स्वास्थ्य सुविधा विस्तार गरिनेछ। <br>• प्रत्येक व्यक्तिले वर्षमा एक पटक स्वास्थ्य परीक्षण गर्ने र रोग परिचाहन भएका व्यक्तिको समयमै स्वास्थ्योपचार गराउन सहजिकरण गर्न आवयक कार्यक्रमहरु तर्जुमा गरिनेछ। <br>• प्रत्येक शिसुहरुलाई भबिष्यमा स्वस्थ जिबन बाच्न सकुन भन्ने उद्धेस्यले शिसु जन्मेको २ बर्ष सम्म शिसु पोषण प्रर्बद्धन कार्यक्रम लागु गरीने छ। यो अधिकतम एक आमा बाट जन्मीएको २ शिसुहरुलाई मात्र लागु हुने छ। <br>• गर्भवती महिला र नवजात शिशुको स्वास्थ्य अवस्था सुधार गर्नको लागि २४ घण्टे प्रसुती सेवा सञ्चालनमा रहेका स्वास्थ्य चौकीको व्यवस्थापन क्षमता अभिवृद्धि गरिने छ। |
| शिक्षा | • हरेक वडाका १/१ विद्यालयमा प्राथमिक तहसम्म अंग्रेजी माध्यममा पठनपाठनको शुरु गरिनेछ। <br>• हरेक वडाका १ वटा बाल बिकास केन्द्रहरुमा बालमैत्री पूर्बाधार थप गरी आधुनिक किन्डर गार्डेनको रुपमा बिकास गरिनेछ। <br>• हरेक माध्यामिक विद्यालयमा १/१ वटा सूचना प्रविधि तथा श्रब्यदृष्य कक्षाहरु को स्थापना गरिनेछ। <br>• आफ्नो बिषयमा राम्रो रिजल्ट ल्याउने विषयगत शिक्षकहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ। <br>• प्राबिधिक शिक्षा अध्ययन गर्न चाहने बिद्यार्थीहरुलाई आंशिक छात्रबृत्ति उपलब्ध गराइनेछ। यसका लागि शैक्षिक बिकास कोष स्थापना गरिनेछ। <br>• एक प्राबिधिक शिक्षालय र विज्ञान विषयको उच्च मावि स्थापनाका लागि आवश्यक तयारी अघि बढाइनेछ। <br>• आगामी ४ बर्ष भित्र यस गाउँपालिकामा स्नातक तह सम्मको क्याम्पस स्थापना गरी बिभिन्न बिषयमा पठन पाठन गराईने छ। |

| | |
|---|---|
| | • विद्यार्थी नभएका विद्यालयहरुलाई नजिकका विद्यालयहरुमा गाभिने छ र शिक्षकहरुलाई अपुग भएका विद्यालयमा स्थानान्तरण गरिनेछ । |
| भौतिक पुर्वाधार | • आगामी ४ बर्ष भित्र गाउँ पालिका भित्र चक्रपथ निर्माण गरी जनतालाई बाहै महिना यातायातका माध्यमबाट सहजरुपमा आवत जावतको ब्यबस्था गरीने छ ।<br>• गाउँपालिका केन्द्रबाट वडा केन्द्रसम्म सडक सञ्जालले जोडिने छ । निर्माण भइसकेका सडकलाई सुरक्षित र भरपर्दो बनाइनेछ ।<br>• गाउ पालिकालाई बिमानस्थल सम्म जोड्नको लागी खानीडाडा बिमानस्थल देखी वडा न १ याम्खा सम्म मोटरबाटोको ट्रयाक यसै पाली खोलीने छ ।<br>• गाउ पालिकालाई तराई संग जोड्नका लागी रमाईलो,मुलाबारी, पञ्चमी हुदै छितापोखरी वडा कार्यलय सम्मको बाटोलाई स्तरउन्नत गर्दै बाहैमहिना सन्चालनमा तत्काल ल्याईने छ ।<br>• तावा खोला(र्‍यापले खनेको)बाटोलाई स्तरउन्नत गर्दै यातायातलाई बाहैमहिना सहजरुपमा सञ्चालनमा ल्याईने छ ।<br>• यसअघि निर्माण भएका खानेपानी आयोजनाहरुको लेखाजोखा अध्ययन ४ महिनाभित्र सम्पन्न गरिनेछ । पूराना धारा र ट्यांकीहरुको मर्मतका लागि हरेक वडामा वजेट विनियोजन गर्ने र नयाँ वस्तीहरुमा नयाँ आयोजना तर्जुमा गरिनेछ ।<br>• आगामी २ बर्ष भित्र यस गाउँपालिकाका खानेपानी अपुग भएका बस्तीहरुमा अनिबार्यरुपमा खानेपानी उपलब्ध गराईने छ ।<br>• खेतीयोग्य जमीनमा सिंचाई सुविधा पुर्‍याउन कुलोहरुको निर्माण र हिउँदे पोखरीहरुको निर्माण गरिनेछ ।<br>• गाऊँपालिका कार्यालय भवन निर्माणका लागि नेपाल सरकारको अनुदान तथा प्राविधिक सहयोग लिइनेछ । |
| वन तथा वातावरण संरक्षण | • गाऊँपालिका क्षेत्र भित्रका सवैखाले वन क्षेत्र (संरक्षण क्षेत्र, सामुदायीक वन, कबुलियती वन, निजी वन, धार्मिक वन) को ब्यवस्थापन सुधारमा नीति नियमहरु तर्जुमा गर्ने र ब्यवस्थापन योजना परिमार्जन गरि कार्यान्वयन गर्न प्राथमिकता दिइने छ ।<br>• जलवायू परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकुलन, जलउत्पन्न प्रकोप तथा विपद जोखिम न्यूनीकरण र एकिकृत जलाधार क्षेत्रको ब्यवस्थापन योजना तर्जुमा गरि प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।<br>• गाऊँपालिका भित्र रहेका वन पैदावारको सहज आपूर्ति प्रवाह मार्फत निजी तथा सार्वजनिक जग्गामा वृक्षारोपण, जडिबुटी खेती बिस्तार गरि रोजगारी र जिविकोपार्जनमा सुधार ल्याइने छ ।<br>• वन ब्यवस्थापन कार्यलाई उद्योगको रुपमा विकास गर्न वन तथा वन पैदावारमा आधारित हरित उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरि एक सामुदायीक वनमा एक हरित उद्यमी समूह गठन अभियान चलाइने छ ।<br>• पर्यापर्यटनको प्रवर्द्धन गर्न यस गाऊँपालिका र अन्य स्थानीय तहहरु विच समन्वय र सहकार्यमा वन उद्यान, वनस्पति उद्यान र प्राणी उद्यान स्थापनाका सम्भाब्यता अध्ययन सहित गुरुयोजना निर्माण गरिने छ ।<br>• हरेक वडालाई धुवाँमूक्त बनाउन धुवाँरहित चुल्हो र सुधारिएको चुल्हो प्रयोगमा प्रोत्साहन गरिनेछ ।<br>• सडक किनारामा भूक्षय प्रतिरोधी विरुवाहरु रोपी त्यसको संरक्षण र उपयोग गर्न सम्बन्धित |

| | |
|---|---|
| | समुदायलाई परिचालन गरिनेछ । <br>• पहिरो तथा भुक्षयग्रस्त क्षेत्रहरुमा बाँसका विरुवा रोपण गरिने, त्यसको संरक्षण र उपयोग कार्यमा गरिव तथा भूमिहीन किसानहरुलाई जिम्मा दिइनेछ । |
| संस्कृति तथा पर्यटन | • दिप्रुङ गाउ पालिका क्षेत्रमा प्रमुख पर्यटकीय स्थलहरुको पहिचान गरी सही सूचना प्राप्त गर्ने गरी प्रोफाइल तयार गरिने छ । <br>• आन्तरीक तथा बाह्य पर्यटक भित्र्याउन धिप्लुङ छाँगालाई पर्यटकीय स्थलको रुपमा बिकास गरीने छ <br>• साहसिक पर्यटनको विकास गर्नका लागी प्यारागलाइडिङ जस्ता पर्यटनसँग सम्बन्धित पूर्वाधारहरुको सम्भाव्यता अध्ययन गरिनेछ । <br>• धर्मिकस्थलहरुको प्रवर्द्धन गर्दै ऐतिहाँसिक तथा पुरातात्वीक सामाग्रीहरुको खोज अनुसन्धान गरी सांस्कृतिक संग्रहालय निर्माण गरिनेछ । |
| यूवा खेलकुद | • हरेक वडामा १ १ वटा खेलकुद मैदानको निर्माण गरिनेछ । <br>• गाऊँपालिका स्तरीय वार्षिक खेलकुद प्रतियोगिता आयोजना गरिनेछ । <br>• यूवाहरुलाई सकारात्मक सोंच र सुनौलो भविश्यको भावना जागृत गराउन क्यारियर काउन्सिलीङ गरिनेछ । |
| सुशासन | • रु.५.लाख भन्दा माथिका हरेक आयोजनाहरुमा अनुगमनका लागि अनुगमन समिति गठन गरि परिचालन गरिनेछ । <br>• गाउ पालिकालाई १ वर्ष भित्र बेरुजु रहित गाउ पालिकाको रुपमा पुर्‍याईने छ <br>• भ्रष्टाचारमा सुन्य सहनसिलताको नीति लागु गरीने छ । <br>• विद्यालय र स्वास्थ्य चौकिको गुणस्तर सुधार गर्न रेखदेख तथा निरिक्षण कार्यदल गठन गरि हरेक महिना गाऊँपालिकामा रिपोर्ट प्राप्त गर्ने, सो का आधारमा सुधारका प्रयास गरिनेछ । <br>• गाउँपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनमा स्थानीय गैरसरकारी संस्था तथा अन्तरीष्ट्रय गैरसरकारी संस्थाहरुलाई आमन्त्रण गरी साझेदारीको लागि अपिल गरिनेछ । <br>• NGO/INGO बाट संचालन गर्ने कार्यक्रमलाई गाउँसभामा अनिवार्य रुपमा पेश गरी गाऊँपालिकाको वार्षिक कार्यक्रम र वजेटको रुपमा मुलप्रवाहीकरण गरिनेछ । |
| संस्थागत विकास | • एकिकृत तथ्यांक व्यवस्थापन प्रणाली सुरुवात गर्नेः पारिवारिक विवरण (Family Folder) स्थापना गर्ने, सफ्टवेयर मार्फत सवै वडाहरुमा एउटै नेटवर्कबाट तथ्यांक अद्यावधिक हुने व्यवस्था शुरु गरिनेछ । <br>• उच्च प्रविधिको प्रयोग गर्नुपर्ने र ठूला लागत बाहेकका आयोजनाहरुको कार्यान्वयन उपभोक्ता समिति, सहकारी र सामुदायिक संस्थाहरु मार्फत कार्यान्वयन गरिनेछ । उपभोक्ता समितिहरुलाई प्रभावकारी परिचालन गर्न उपभोक्ता समिति परिचालन कार्यविधि तर्जुमा गरिनेछ । <br>• ठूला पूर्वाधारका आयोजनाहरुमा आम उपभोक्ताहरुको गुणस्तर कायम गर्न र समयमा कार्य सक्न सर्वदलीय अनुगमन समितिको गठन गरिनेछ । <br>• गाउँपालिकाको प्रोफाइल तयारी गर्ने, सो का आधारमा १० वर्षे विकास गुरुयोजना तर्जुमा गरिनेछ । |

| | |
|---|---|
| राजश्व परिचालन | • गाऊँपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने ।<br>• मुख्य राजश्वका स्रोतहरुः सम्पत्ति कर, घरनक्सा पास तथा अभिलेख दस्तुर, व्यवसाय कर, बहाल विटौरी शुल्क, सम्पत्ति मूल्यांकन शुल्क, निवेदन दस्तुर को निर्धारण गरि सफ्टवेयर प्रणालीबाट असुली गर्ने व्यवस्था मिलाइनेछ ।<br>• आम जनतालाई कर तथा राजश्वको महत्वका वारेमा जनचेतना विस्तार गरिनेछ । |
| सामाजिक सेवा तथा समावेशी प्रबर्द्धन | • सामाजिक सुरक्षा भत्ता वितरणमा प्रभावकारी र पारदर्शी वनाइनेछ ।<br>• यस गाउँपालिका भित्रका युबा,महिला,दलित,फरक क्षमता भएका समुदायहरुलाई लक्षितगरी सीपमुलक तालिम तथा उद्यमशीलताको बिकासगरी आत्मनिर्भरका कार्यक्रमहरु संचालन गरिने छ ।<br>• ६५ बर्ष नाघेका गाउ पालिकाका बृद्ध बृद्धाहरुलाई गाउ पालिकाले परिचय पत्र बितरण गरी गाउ पालिका भरी निशुल्क यातायाता सुबिधा उपलब्ध गराईने छ ।<br>• जनताको अधिकारका निमित शहादत प्राप्त गर्नुहुने शहीदहरुको सम्मानमा शहीद स्मृति पार्कहरुको निर्माण गरीने छ ।<br>• गाउँपालिकास्तरमा एक वृद्धाश्रम र एक हिंसापिडित महिला आश्रयस्थलको निर्माण गरिनेछ ।<br>• दलित र अल्पसंख्यक समुदायका व्यक्तिहरुको लागि सामुदायीक संगठनहरुको प्रवर्द्धन र नेतृत्व विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । |
| कानून तथा न्याय सम्पादन | • उपरोक्त नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि विभिन्न ऐन, नियम, निर्देशिका, कार्यविधिहरु तर्जुमा गरी लागु गरिनेछः<br>• गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली<br>• गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली<br>• गाउँपालिकाको विनियोजन ऐन<br>• गाउँपालिकाको आर्थिक ऐन<br>• स्थानीय कर्मचारी सेवा नियमावली<br>• कृषि उत्पादन प्रोत्साहन मूल्य सहायता कोष कार्यविधि<br>• उद्यम तथा स्वरोजगार प्रवर्द्धन कोष नियमावली<br>• स्वास्थ्य चौकी व्यवस्थापन नियमावली<br>• संघ र प्रदेश सरकारबाट प्राप्त कानुनहरु |

## बजेट तथा कार्यक्रम

अव म आगामी आ.व. ०७४/७५ मा संचालन गरिने प्रमुख कार्यक्रमहरु र विनियोजित बजेट विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

यस आ.व.मा आयतर्फ नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण (निशर्त अनुदान) अन्तर्गत १६ करोड ३७ लाख ५० हजार सशर्त अनुदान तर्फ १० करोड ९१ लाख १० हजार, राजश्ववाट प्राप्त आय रु. ८ लाख ४३ हजार ६ सय ५०, नेपाल कृषि प्रसार सेवा विकास कार्यक्रम - प्रयासवाट प्राप्त रु. ६० लाख, वातावरणीय कृषि तथा विकास केन्द्र (केड) वाट प्राप्त रु. ५ लाख ३७ हजार २ सय ५० र पुरानो आ.व.को नगद मौज्दात ५६ लाख १२ हजार गरी जम्मा खर्च **रु. २८ करोड ५८ लाख ५२ हजार ९ सय** रहेको छ ।

नेपाल सरकारद्वारा अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत विभिन्न विषयगत कार्यालयहरु कृषि, पशु, शिक्षा र स्वास्थ्य तर्फ मन्त्रालयबाट नै तय भई आएको सशर्त अनुदान १० करोड ९१ लाख १० हजार, नेपाल कृषि प्रसार सेवा विकास कार्यक्रम - प्रयासवाट प्राप्त रु. ६० लाख र वातावरणीय कृषि तथा विकास केन्द्र (केड) वाट प्राप्त रु. ५ लाख ३७ हजार २ सय ५० पूर्व निर्धारित क्षेत्रमै खर्च गर्नुपर्ने भएकाले सो तर्फ कुनै कार्यक्रम तय गरिएन ।

नेपाल सरकारबाट प्राप्त भएको वित्तीय समानिकरण अर्थात् निशर्त अनुदान, यस गाँउपालिकाको राजश्व र पुरानो नगद मौज्दात गरी कुल हुन आउने १७ करोड २ लाख ५ हजार ६ सय ५० को लागि चालु तर्फ जम्मा रु. ३ करोड ६२ लाख ७५ हजार ६ सय ५० छुट्याईएको छ । उक्त रकम कुल खर्च गर्नका लागि छुट्याइएको रकमको करिव २१% हुन आउँछ ।

यसै गरी पुँजिगत तर्फ छुट्याईएको रु १३ करोड ३९ लाख ३० हजार मध्ये विषयगत सिलिङ र वडागत सिलिङको आधारमा सात वटा वडा समितिको कार्यालयवाट वस्तिस्तर हुँदै सहभागितामुलक तवरले ल्याईएको कुल आयोजना र कार्यक्रम अर्न्तगत रु. ५ करोड ७२ लाख ३० हजारमा विभिन्न विषय क्षेत्रका आयोजना एवं कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ । गाँउपालिकाको गौरबका आयोजनाहरुमा रु. ४ करोड ९५ लाख तथा अन्य आयोजनाहरुमा रु. २ करोड ७२ लाख गरी जम्मा गाँउपालिका स्तरीय आयोजनाहरुका लागि कुल ७ करोड ६७ लाख विनियोजन गरिएको छ । बजेट विनियोजनको विस्तृत विवरण अनुसूचिमा उल्लेख गरिएको छ ।

**उपस्थित महानुभावहरु,**

यसरी आ.ब. ०७४।७५ को नीति तथा कार्यक्रम र बजेट बनाउन सहयोग पुर्‍याउनुहुने गाँउ सभा, गाँउ कार्यपालिका, वडा समितिका पदाधिकारी ज्यूहरु, राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट

सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत सम्पूर्ण विषयगत समितिका पदाधिकारी ज्यूहरु, बस्ती स्तरीय भेलादेखि सहभागी भई आयोजना कार्यक्रम छनौटमा प्रत्यक्ष र परोक्ष रुपले सक्रिय जनसमुदाय, बजेट निर्माण प्रक्रियामा अहोरात्र खटिरहनु भएका कर्मचारी वर्ग लगायत बजेट निर्माण प्रक्रियामा सहभागी हुनुहुने एवं अमुल्य सहयोग, सद्भाव, सल्लाह दिनुहुने सम्पुर्णप्रति हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद ।

**अनुसूचिहरु :**

## दिप्रुङ गाउँपालिका

## गाउँपालिकाको गौरवका आयोजनाहरु

| सि .नं | योजनाको नाम | स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | तावाखोला देखि टुवा खोला सम्मको मोटर बाटो | | १५०००००० | |
| २ | खानिडाडा विमान स्थलदेखि वडा.नं. १ जोड्ने मोटर बाटो | | ७५००००० | |
| ३ | रमाईलो देखि छितापोखरी वडा कार्यालय सम्मको मोटर बाटो | | ७५००००० | |
| ४ | शिक्षा कम्प्यूटर खरिद | | ५५००००० | |
| ५ | धिप्लुङ छाँगा पर्यटन क्षेत्र निर्माण | | २५००००० | |
| ६ | विद्युत् विस्तार तथा मर्मत, वडा नं. १ | | २५००००० | |
| ७ | सहिद ध्रुव खडका पार्क छितापोखरीमा निर्माण | | १८००००० | |
| ८ | छितापोखरी विद्युतिकरण | | १५००००० | |
| ९ | निशुल्क स्वास्थ्य शिविर सञ्चालन | | १०००००० | |
| १० | शिशु पोषण प्रवर्द्धन कार्यक्रम | | १०००००० | |
| ११ | गाँउपालिका चक्रपथ निर्माण | | १०००००० | |
| १२ | खेलकुद विकास कार्यक्रम | | १०००००० | |
| १३ | इन्टरनेट जडान कार्यक्रम, सबै वडा कार्यालय | | १०००००० | |
| १४ | शैक्षिक विकास कोष | | ५००००० | |
| १५ | ६५ बर्ष माथिका बृद्धबृद्धाहरुलाई गाँउपालिका भित्र निशुल्क यातायात सेवा | | २००००० | |

## अन्य आयोजनाहरु

| | | | | |
|---|---|---|---|---|
| १६ | गाँउपालिकाको भबन निर्माण | | १००००००० | |
| १७ | कृषि तथा पशु विकास कोष | | ५०००००० | |
| १८ | साना खाले खानेपानी आयोजना | | ४०००००० | |
| १९ | विपद् व्यवस्थापन कोष | | ३०००००० | |
| २० | वडा कार्यालय सवै लक्षित वर्ग कार्यक्रम | | २५००००० | |
| २१ | याम्खा वडा कार्यालय निर्माण | | २०००००० | |

|  |  |  |  |  |
|---|---|---|---|---|
| २२ | औषधी खरिद |  | ७००००० |  |
|  | **जम्मा** |  | **७६७००००** |  |

## दिप्रुङ गाउँपालिका
## वडा नं. १, याम्खा
### वित्तीय समानिकरण अन्तर्गतका योजनाहरु

| **सि . .नं** | **योजनाको नाम** | **स्थान** | **विनियोजित रकम** | **कैफियत** |
|---|---|---|---|---|
| १ | सञ्चमाया राई ग्रामिण सडक हुँदै खामडाँडा लिपे दोभान सडक |  | ६००००० |  |
| २ | लहरेपैंयु-महेन्द्रोदय मा.वि. सडक |  | ३००००० |  |
| ३ | चान्ताङ-पञ्चकन्या देवीवाट जामुने सडक |  | ४००००० |  |
| ४ | याम्खा कमेरेगाँउ हुँदै चुलिपहरा त्याप सडक |  | २००००० |  |
| ५ | देवी आधारभूत विद्यालय-पोखरे-जामुने-लिपेदोभान सडक |  | ४००००० |  |
| ६ | टुकुरे-कालीदोभान कुलो मर्मत |  | ६००००० |  |
| ७ | खेलकुद मैदान निर्माण |  | १०००००० |  |
| ८ | बेलबोटे-पोखरे सिंचाई आयोजना (पाइप खरिद) |  | ६००००० |  |
| ९ | रातमाटा कटहरे डाँडाबाट लिखुरी वर जाने बाटो सोलिङ |  | ७००००० |  |
| १० | विपद् व्यवस्थापन कोष |  | २००००० |  |
| ११ | ढाल्ने फेद टुक्रेखोला खा.पा.यो. | साविक वडा नं.९ | २०००००० |  |
| १२ | श्री महेन्द्रोदय प्रा.वि. लिलिमा, भवन निर्माण |  | १५००००० |  |
|  | **जम्मा** |  | **८५०००००** |  |

दिप्रुङ गाउँपालिका

**वडा नं. २, डाँडागाँउ**

**वित्तीय समानिकरण अन्तर्गतका योजनाहरु**

| सि . .नं | योजनाको नाम | स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | खुतुम्बु-खरुवा-सापातेल-पिप्ले सडक | | १००००० | |
| २ | खेलकुद मैदान निर्माण | | १०००००० | |
| २ | विपद् व्यवस्थापन कोष | | २००००० | |
| २ | ओखे-सिक्ला-लहरेपैंयु सडक | | ४००००० | |
| ३ | कोप्चे-बानडाँडा-पञ्चकन्या प्रा.वि. सडक | | ४००००० | |
| ४ | ओखे-तृतीया सडकको तारजाली | खरुवा खोला | २००००० | |
| ५ | खरुवा खोला कमेरेखानी मुहान भई पिपलडाँडा खुतुम्बु ह्लासिडटार खा.पा.यो. | | १००००० | |
| ६ | कागथला-उर्लेनी सिंचाई आयोजना | | ७००००० | |
| ७ | नाली हुँदै पिपलडाँडा राजकुलो | | ७००००० | |
| ८ | ऱ्यापको सडक हुँदै ओखे मा.वि. जोड्ने सडक मर्मत | | १५०००० | |
| ९ | कामीडाडा हुदै ओखो सडक निर्माण | | ३००००० | |
| १० | महेन्द्र दय मा.वि.ओखो तारजालि | | २००००० | |
| ११ | चारकिल्लामा रहेको गुफा र सालुङ भीरको गुफालाई पर्यटकीय क्षेत्र सर्वेक्षण | | ३०००० | |
| १२ | वडा कार्यालय मर्मत | | २००००० | |
| | **जम्मा** | | **४६८००००** | |

दिप्रुङ गाउँपालिका

**वडा नंछोरम्बु ३ .**

**वित्तीय समानिकरण अन्तर्गतका योजनाहरु**

| **सि . .नं** | **योजनाको नाम** | **स्थान** | **विनियोजित रकम** | **कैफियत** |
|---|---|---|---|---|
| १ | खरुवा खोला मुहान, वीच कुलो मर्मत | | ४५०००० | |
| २ | कालीखोला मुहान, सामल्खा कुलो मर्मत | | २००००० | |
| ३ | छेवला कुलो मर्मत | | २०००० | |
| ४ | वुल्कु खोला मुहान, कुलो मर्मत | | ५०००० | |
| ५ | तौले सिंचाई आयोजना मर्मत | | ५०००० | |
| ६ | बाहिधारा ट्यांकी र्ममत | | ५०००० | |
| ७ | चण्डी निकेतन प्रा वि मर्मत तथा सौचालय निर्माण | | ४००००० | |
| ८ | विपद् व्यवस्थापन कोष | | २००००० | |
| ९ | सिस्ने खानेपानी योजना मर्मत | | ५००००० | |
| १० | बुल्खु खोला मुहान सिंचाइ आयोजना | | १५०००० | |
| ११ | बाघ लडे भीर खरुवा कुलो | | १५०००० | |
| १२ | बुल्खु खोला मुहान सिंचाइ आयोजना सानो | | ३०००० | |
| १३ | रेग्मीटार सापातेल पञ्चमी सडक | | २५००००० | |
| १४ | सिद्धेश्वर महादेव राजापानी, नयाँ सडक | | ५००००० | |
| १५ | बुइखुवा खुतुम्वु सडक | | ५००००० | |
| १६ | छोरम्बु बतासे जोड्ने सडक | | ५००००० | |
| १७ | याङसोला वरडाँडा सडक | | ३००००० | |

| | | | | |
|---|---|---|---|---|
| १८ | आहाल डाँडा रोवुलुङ सडक | | ४००००० | |
| १९ | गुम्वा निर्माण | पिप्ले | २००००० | |
| १९ | वडा कार्यालय मर्मत | | १५०००० | |
| २० | मीना कर्ण मा. वि. मर्मत | | १००००० | |
| २१ | खेलकुद मैदान निर्माण | | १०००००० | |
| २२ | खरुवा राजकुलो रोभुलुङ सिंचाई | | ७००००० | |
| २३ | शान्ती मा.वि. छोरम्बु, मर्मत | | २००००० | |
| २४ | छोरम्बु स्वास्थ्य चौकी मर्मत | | ५०००० | |
| २५ | महिला भवन, वडा कार्यालय | | ३००००० | |
| | **जम्मा** | | **९६५००००** | |

# दिप्रुङ गाउँपालिका
## वडा नं.४, बतासे
### वित्तीय समानिकरण अन्तर्गतका योजनाहरु

| सि . .नं | योजनाको नाम | स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | रेग्मीटार-बतासेको वारेम्तुङ हुँदै दिनुवा जोड्ने मोटर बाटो | | १०००००० | |
| २ | पञ्चकौसिका आधारभूत विद्यालय भण्डारेघाट मर्मत | | २५०००० | |
| ३ | सानो भण्डारेघाटदेखि टुवाखोला विद्युतिकरण | | १०००००० | |
| ४ | हात्तीढुंगे मुहान भएर सानो भण्डारे जाने कुलो | | १००००० | |
| ५ | खरुवा मुहान भई बतासे खा.पा.यो. | | ३०००००० | |
| ६ | पैरी कालीखोला मुहान गरी वारेम्तुङ खा.पा.यो. | | ३००००० | |
| ७ | खेलकुद मैदान निर्माण | | १०००००० | |
| ८ | उच्च मा.वि. हुँदै भुल्के दमैटार जोड्ने सडक | | २००००० | |
| ९ | मुलाबारी हुँदै इजारा पञ्चमी जोड्ने सडक | | ५००००० | |
| १० | इजारा बालाचौर क्षेत्र विद्युतिकरण | | ३००००० | |
| ११ | विपद् व्यवस्थापन कोष | | २००००० | |
| | **जम्मा** | | **७८५००००** | |

## दिप्रुङ गाउँपालिका

## वडा नं. ५, स. छितापोखरी

### वित्तीय समानिकरण अन्तर्गतका योजनाहरु

| सि . .नं | योजनाको नाम | स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | राम्चे डाँडा भ्यु टावर सर्भेक्षण | | ५०००० | |
| २ | कालीखोला याङ्सोला | | १००००० | |
| ३ | भस्मे- छितापोखरी बजार-खुदुर्के-धाप खा.पा.यो. मर्मत | | ५०००० | |
| ४ | धर्तुङ-तृतीया-रोसा भञ्ज्याङ-पञ्चमी-काफ्लेछाप खा.पा.यो. | | १०००००० | |
| ५ | ठुलोखोला-आरुबोटे-तल्लो कुलागाँउ खा.पा.यो. | | २००००० | |
| ६ | मुस्लुङ-कात्तिके खा.पा.यो. | | २००००० | |
| ७ | कागुने-तिलकेनी पाइप सिंचाइ | | २००००० | |
| ८ | खेलकुद मैदान निर्माण | | १०००००० | |
| ९ | पञ्चमी बजार व्यबस्थापन | | ७००००० | |
| १० | छितापोखरी बजार ग्राभेलिङ सोलिङ | | १०००००० | |
| ११ | विद्युत विस्तार | | १५००००० | |
| १२ | पुवाँर गाँउ-कात्तिके सडक | | ७००००० | |
| १३ | चिप्रिङ-कुलागाँउ सडक | | १००००० | |
| १४ | पञ्चमी स.मा.वि. कुलागाँउ सडक | | २००००० | |
| १५ | च्याप-पञ्चकन्या प्रा.वि. वातिखुम सडक | | ३००००० | |
| १६ | जलजले-खुदुर्के सडक | | १००००० | |
| १७ | साउने डाँडा-मान्दता सडक | | ७००००० | |
| १८ | तृतीया-नारङ्गा सडक | | १००००० | |
| १९ | कालीखोला-याङ्सोला टार सडक | | १००००० | |
| २० | टुवाखोला-मान्दता सिंचाइ आयोजना | | ५००००० | |
| २१ | स.मा.वि. डाँडाखर्क शौचालय निर्माण | | २००००० | |
| २२ | स.मा.वि. कुलागाँउ-पञ्चकन्या प्रा.वि. वातिखुम सडक | | ४००००० | |

| | | | | |
|---|---|---|---|---|
| २३ | विपद् व्यवस्थापन कोष | | २००००० | |
| २४ | स.मा.वि. कुलागाँउ वाल निर्माण | | ५००००० | |
| २५ | तृतीया-रोसा भञ्ज्याङ-पञ्चमी बजार सडक | | २००००० | |
| २६ | तृतीया-खुदुर्के नाली सडक | | ३००००० | |
| २७ | पञ्चमी-मान्दता सडक निर्माण | | २००००० | |
| | **जम्मा** | | १०८००००० | |

दिप्रुङ गाउँपालिका

**वडा नं.६, छितापोखरी**

**वित्तीय समानिकरण अन्तर्गतका योजनाहरु**

| सि .नं | योजनाको नाम | स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | छानछुने मुहान हुँदै तल्लो खर्क सिंचाई आयोजना | | ३००००० | |
| २ | जनसेवा मा.वि. खेलमैदान निर्माण | | १५०००० | |
| ३ | छितापोखरी दिहुँ धुसेनी अखटे विद्युत् विस्तार | | १५००००० | |
| ४ | टुवाखोला -जनसेवा मा.वि.-छितापोखरी बजार सडक स्तरोन्नती | | ५००००० | |
| ५ | खानेपानी निर्माण तथा मर्मत | | ५००००० | |
| ६ | छितापोखरी सडक निर्माण | | १०००००० | |
| ७ | रिक्सुम गुम्बा मर्मत सम्भार | | ५००००० | |
| ८ | विपद् व्यवस्थापन कोष | | २००००० | |
| ९ | विद्युत विस्तार पुरानो कार्यक्रम | | ८००००० | |
| १० | खेलकुद मैदान निर्माण | | १०००००० | |
| | **जम्मा** | | **६४५००००** | |

दिप्रुङ गाउँपालिका

## वडा नं.७, टेम्मा

### वित्तीय समानिकरण अन्तर्गतका योजनाहरु

| सि .नं | योजनाको नाम | स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | वरबोटे खानेपानी ट्यांकी मर्मत साविक ३ नं. वडा | | ७००००० | |
| २ | वरबोटे साविक ३ नं. वडा विद्युत् पोल खरिद | | ३००००० | |
| ३ | सामाखोला मुहान गरी टेम्मा २ तल्लो टोल खा.पा.यो. | | ५००००० | |
| ४ | धिप्लुङ खोला खा.पा.यो. साविक टेम्मा ४, ६ र ९ (क्रमागत) | | ७००००० | |
| ५ | गैह्रीटोल खा.पा.यो. साविक टेम्मा ३ नं. वडा | | १००००० | |
| ६ | भदौरे खा.पा.यो. | | ५०००० | |
| ७ | खेलकुद मैदान निर्माण | | १०००००० | |
| ८ | वाहुनीधारा खा.पा.यो. | | ५०००० | |
| ९ | चप्लेटी खा.पा.यो. | | ३००००० | |
| १० | काउले चित्रेपाताल खा.पा.यो. | | ५००००० | |
| ११ | बाँसघारी दह मुहान गरी बर्मी सिंचाई योजना | | ५००००० | |
| १२ | टुकुरेखोला जालपा मुहान गरी खनपुल वरबोटे र मबुगैह्रा सिंचाई योजना | | ५००००० | |
| १३ | वडा कार्यालय मर्मत | | १५०००० | |
| १४ | कालीका प्रा.वि. खा.पा.यो. | | ५०००० | |
| १५ | विद्युत् विस्तार साविक वडा नं. ४ | | १०००००० | |
| १६ | साविक टेम्मा १ देखी ९ नं. वडा विद्युत पोल खरिद | | ३५०००० | |
| १७ | कृष्ण मा.वि. टेम्मा-गोपी-खिरौंले सडक स्तरोन्नती | | ३००००० | |

| | | | | |
|---|---|---|---|---|
| १८ | स्यालगौंडे-दारेथुम्का-गजमौरे-हात्तीसार-त्रिवेणीचोक टेम्माटार सडक | | ४००००० | |
| १९ | टेम्मा ४ आहाले-मालवासे हुँदै टेम्मा ९ ज्यामिरे जोड्ने सडक | | ५००००० | |
| २० | सिमखेत मुहान गरी टेम्मा ५ वाहुनवस्ती खा.पा.यो. | | ७००००० | |
| २१ | ढिकुरतुङ मुहान गरी राम्चे वस्ती टुङटुङे खा.पा.यो. | | ५०००० | |
| २२ | टेम्मा १ कुरीडाँडादेखी टेम्मा ८ रिभु हुँदै याम्खा सडक | | १५०००० | |
| २३ | दिपक राईको घर आहाले आसपास देखि खत्रिटार जोड्ने सडक | | ३००००० | |
| २४ | न्याप सडक शान्ती मा.वि. हुँदै कृष्ण मा.वि. जोड्ने सडक | | १५०००० | |
| | **जम्मा** | | ९३००००० | |